ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३** **संख्याः३** **प्रमाणिकरणः २०७७।०३।१५**

**प्रकाशन मितिः २०७७।०३।१६**

## भाग–१

## ठाकुरबाबा नगरपालिका

### <u>ठाकुरबाबा नगरपालिका बर्दियाको विनियोजन ऐन, २०७७</u>

**प्रस्तावनाः**

ठाकुरबाबा नगरपालिका, बर्दियाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ठाकुरबाबा नगरपालिका, बर्दियाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ठाकुरबाबा नगरपालिका, सैनवार, बर्दिया, प्रदेश नं ५ नेपालको **"विनियोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयतग शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालु खर्च, पूजीँगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम <u>७०,७६,०८,९९०।००</u> **(सत्तरि करोड छिहत्तर लाख आठ हजार नौ सय नब्बे)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ

ठाकुरबाबा नगरपालिका बर्दियाको विनियोजन ऐन, २०७७

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७७।०७८ को निमित्त ठाकुरबाबा नगरपालिका, बर्दियाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकमा जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(३) पूजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन । तर चालु तथा पूजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकमा जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

<u>**आज्ञाले**</u>

रामहरि रिजाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका बर्दियाको विनियोजन ऐन, २०७७